लुम्बिनी प्रदेश सरकार
वन,वातावरण,पर्यटन तथा खानेपानी मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय रोल्पा

पत्र संख्या : ०८०/०८१
च. नं.

## ओखर बिरुवा आपर्तिको लागि शिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना

(दोस्रो पटक सूचना प्रकाशन मिति २०८०/९/२६)

आ.व. २०८०/०८१ को यस कार्यालयको स्वीकृत बार्षिक कार्यक्रम अनुसार उच्च पहाडी क्षेत्रमा ओखर विकास कार्यक्रम तथा कृषि वन प्रवर्धन कार्यक्रम अर्न्तगत टर्किस जातको दाँते ओखर (Chandler Variety-Chandler- Grafted Walnut Sapling, Root Stock Grafting) (कलमी बिरुवा) आपूर्तिकर्ताबाट तपसिल बमोजिमका स्पेशिफिकेशन भएको र गुणस्तर भएको दाँते ओखरको बिरुवा खरिद तथा तोकिएको स्थानमा ढुवानी गर्नेपर्ने भएकोले यो सुचना प्रकाशन गरिएको छ ।

तपसिल

| बिरुवाको स्पेशिफिकेशन |
|---|
| (Chandler Variety-Chandler- Grafted Walnut Sapling, Root Stock-Juglansregia, Pollinator-Franqualte Age -2 years, Height 60-90 cm above the grafting) |

| दरभाउ पत्र नं. | बिरुवा प्रजाति | बिरुवा संख्या | अधिकतम लागत मूल्य | दरभाउपत्रको जमानत रकम रु. | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १/०८०/०८१ | दाँते ओखर | २९९५ | १६,१४,३०५।- | ८०,७१६।- | १०००।- |

१. मेचीकाली सन्देश राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक सूचना प्रकाशन भएको मिति २०८०/९/२६ गतेले ७ दिन २०८०/१०/३ गते साझँ ४ बजे भित्र वा सो दिन बिदा परेमा सोको भोलि पल्ट (कार्यालय समय भित्र) यस कार्यालयबाट तोकिएको मूल्य (फिर्ता नहुने गरी) तिरी दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र खरिद गर्ने ईच्छुक ब्यक्ति, फर्म वा कम्पनीका प्रोप्राईटरले दरभाउपत्र खरिद गर्न दिईएको निवेदनको साथमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी, विरुवा उत्पादन तथा आपूर्ति सम्बन्धि कार्य गर्ने गरी ब्यवसाय दर्ता भई नविकरण र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।

३. दरभाउपत्र वापतको दस्तुर सम्बन्धित भौचरमा राजश्व खाता रहेको बैंकको नाम उल्लेख भएको ठाउँमा नेपाल बैंक लिमिटेड लिवाङ्ग रोल्पामा, बैंक खाता नं.२७४०२००००१००१००००१, प्रयोजन - ओखर बिरुवा खरिद सम्बन्धित दरभाउपत्र दस्तुर, कार्यालयको नाममा डिभिजन वन कार्यालय रोल्पा, कार्यालयको कोड ३२९०१५४०१५ र राजश्व शिर्षकमा १४२२९ उल्लेख गर्नुपर्दछ ।

४. धरौटी वापत कम्तिमा ५% रकम प्रदेश लेखा नियन्त्रक कार्यालय रोल्पाको नाममा नेपाल बैंक लिमिटेड रोल्पामा रहेको खाता नं. ०७६०२०००००२००३००००१, प्रयोजन-ओखर विरुवा आपूर्ति वापत, रकम जम्मा गर्न पठाउने कार्यालयको नाममा डिभिजन वन कार्यालय रोल्पा, कार्यालयको कोड नं. ३२९०१५४०१५ मा जम्मा गरी सोको सक्कलै भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा ९० दिनको म्याद कायम रहेको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी अनिवार्य रुपमा समावेश हुनुपर्नेछ ।

५. खरिद गरिएका दरभाउपत्रहरु रितपूर्वक भरी सिलवन्दी गरेर मिति २०८०/१०/४ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गर्न सकिनेछ । दरभाउपत्र बिक्री गर्ने, दाखिला गर्ने अन्तिम दिन बिदा परेमा कार्यालय खुलेको दिनमा तोकिएको समय भित्र डिभिजन वन कार्यालय रोल्पामा गोप्य शिलबन्दी दरभाउपत्र दाखिला गर्नु पर्दछ अन्यथा दरभाउपत्र स्वीकार हुने छैन ।

लुम्बिनी प्रदेश सरकार
वन,वातावरण,पर्यटन तथा खानेपानी मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय रोल्पा

पत्र संख्या : ०८०/०८१
च. नं.

प्रेम शंकर चौधरी
डिभिजनल वन अधिकृत

६. म्याद नाघी वा रित नपुगी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. दरभाउपत्र सम्बन्धि प्रकाशित सूचनामा उल्लेखित शर्तहरु उल्लङ्घन भएमा दरभाउपत्र मान्य हुने छैन ।

८. दरभाउपत्र दाखिला गर्दा खामको बाहिर ओखर बिरुवाको खरिद सम्बन्धित दरभाउपत्र भनी उल्लेख गर्नुपर्नेछ भने खरिद गरिएको दरभाउपत्रमा दरभाउदाताको सहि तथा छाप नभएमा दरभाउपत्र योग्य हुनेछैन र मूल्याङ्कनमा समावेश गरिने छैन ।

९. दरभाउपत्र सदर वा वदर गर्ने अधिकार डिभिजन वन कार्यालय रोल्पालाई हुनेछ ।

१०. उपयुक्त सूचना सम्बन्धमा कुनै कुरा हेरफेर वा संशोधन गर्नु परेमा यस कार्यालयबाट गर्न सकिनेछ ।

११. यस कार्यालयमा दाखिला भएका दरभाउपत्र खोल्ने वखत दरभाउपत्र दाखिला गर्ने ब्यक्ति/फर्म/कम्पनीलाई पूर्व सुचना दिएर मात्र दाखिला भएका दरभाउपत्र खोलिनेछ ।

१२. दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिती नभएमा पनि दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

१३. सकार दररेट र विनियोजित बजेटको आधारमा बिरुवाको परिमाणमा सामान्य थपघट हुन सक्नेछ ।

१४. यस अधि टर्किस जातको दाँते ओखर बिरुवा आपूर्ति सम्बन्धि कार्य गरेको अनुभव प्रमाणपत्र संलग्न गर्नुपर्नेछ ।

१५. सूचना बमोजिमका बिरुवाहरुको गुणस्तर यस कार्यालयको प्राविधिकबाट चेकजाँच गराई गुणस्तर ठीक भएमा मात्र बिरुवा स्वीकार हुनेछ । बिरुवाहरुको गुणस्तरमा कुनै किसिमको कमी भएको देखिएमा पनि यस कार्यालयले त्यस्ता बिरुवा स्वीकार गर्ने छैन ।

१६. कबोल गरेको बिरुवा डिभिजन वन कार्यालय लिवाङ रोल्पामा आपूर्ति गर्नुपर्नेछ । तोकिएको स्थानमा बिरुवा आपूर्ति भएमा क्षति नपुगेको स्वस्थकर बिरुवा मात्र गणना गरी खरिद गरिनेछ ।

१७. यस बाहेक अन्य शर्तहरुको हकमा प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

ईति सम्वत २०८० साल पुष २६ गते रोज ५ मा शुभम् ।

# अघि बढ्यो सुनकोशी तेस्रो जलाशययुक्त आयोजनाको प्राविधिक तयारी

काठमाडौं, पुस २५ । राजधानी काठमाडौंबाट नजिकै र सुगम सडकको स्थान रहेको सुनकोशी तेस्रो जलाशययुक्त आयोजनाको प्राविधिक तयारीको काम सुरु भएको छ । कुल छ सय ८३ मेगावाट क्षमताको सुनकोशी तेस्रो जलाशययुक्त जलविद्युत्को सर्वेक्षण अनुमतिपत्र (सर्वे लाइसेन्स) नेपाल विद्युत् प्राधिकरणले पाएसँगै आयोजनाको विस्तृत इन्जिनियरिङ डिजाइन तथा बोलपत्र कागजात तयारीको काम अगाडि बढेको हो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले काभ्रेपलाञ्चोक र रामेछाप जिल्लाको सिमानामा पहिचान भएको सुनकोशी तेस्रो जलाशययुक्त जलविद्युत् आयोजनाको सर्वे लाइसेन्सको काम गत मंसिर २५ मा प्राधिकरणलाई दिएको थियो । विद्युत् विकास विभागमार्फत सम्भाव्यता अध्ययन भएको आयोजनाको लाइसेन्स लिन प्राधिकरणले करिब रु.७० करोड सरकारलाई बुझाएको थियो । आयोजनाको आवश्यक तयारीको काम सम्पन्न गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले प्राधिकरणलाई निर्देशन दिएका छन् । प्राधिकरणको सञ्चालक समितिका अध्यक्षसमेत रहेका मन्त्री बस्नेतले आवश्यक प्राविधिक काम सम्पन्न गर्न सरकारको तर्फबाट आवश्यक सहजीकरण गरिने बताए ।

प्राधिकरणले बुधबार आयोजनाको विस्तृत इन्जिनियरिङ डिजाइन तथा बोलपत्र कागजात तयारीका लागि अन्तर्राष्ट्रिय परामर्शदाता छनोटका लागि आशयको सूचना जारी गरेको छ । इच्छुक अन्तर्राष्ट्रिय परामर्शदाता कम्पनीले आगामी फागुन २ गतेभित्र प्रस्ताव पेस गर्न सक्ने व्यवस्था गरिएको छ । प्राधिकरणले परामर्शदाता छनोटको सम्पूर्ण प्रक्रिया पूरा गरी आगामी वर्षको मध्यबाट विस्तृत इन्जिनियरिङ डिजाइन तथा बोलपत्र कागजात तयारीको काम सुरु गर्ने लक्ष्य राखेको छ । उक्त कार्य २४ महिनाभित्र पूरा गर्ने बताइएको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले हाल सम्भाव्यता अध्ययन भएको आयोजनालाई लगानीको दिगो कार्यान्वयनका लागि विस्तृत अनुसन्धान, बीमाकर्ता कम्पनीको तयारी बहुपक्षीय बैंक तथा वित्तीय संस्थालाई ऋण लगानीका लागि आवश्यक पर्ने सर्त पूरा हुनेगरी विस्तृत इन्जिनियरिङ डिजाइन गर्न लागिएको बताए । परामर्शदाताले सम्भाव्यता अध्ययनको पुनरावलोकन, भौगर्भिक तथा जियोटेक्निकल अनुसन्धान, विद्युत् प्रवाह अध्ययन, निर्माण गरिने हरेक संरचनाको विस्तृत डिजाइन, लागत अनुमान, वित्तीय विश्लेषण, खरिद योजनालगायतका कार्य गर्ने कार्यकारी निर्देशक घिसिङले भने । उनका अनुसार आयोजनालाई नेपाल र बंगलादेशको संयुक्त लगानीमा निर्माण गर्न दुई देशबीचका ऊर्जा सम्बन्धी विभिन्न समयमा भएका बैठकमा सहमति भइसकेको छ । गत जेठ २ गते नेपाल-बंगलादेश ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको पाँचौं बैठकले आयोजनाको निर्माण र विकास गर्नका लागि नेपाल विद्युत् प्राधिकरण र बंगलादेश पावर डेभलपमेन्ट बोर्डबीच छ महिनाभित्र संयुक्त उपक्रममा हस्ताक्षर गर्ने सहमति भएको थियो । त्यसअनुसार उक्त सम्झौतामा अहिलेसम्म हस्ताक्षर भने हुनसकेको छैन । वि.सं. २०७९ को भदौमा बंगलादेशको विद्युत्, ऊर्जा तथा खनिज स्रोत मन्त्रालयका सचिव नेतृत्वको टोली र नेपालको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय, विद्युत् विकास विभाग तथा विद्युत् प्राधिकरणको संयुक्त टोलीले आयोजनाको प्रस्तावित निर्माणस्थल र जलाशय क्षेत्रको स्थलगत अवलोकन भ्रमण गरेको थियो । बंगलादेश नेतृत्वको टोलीले आयोजना निर्माण अघि बढाउन बंगलादेश तयार रहेको बताएको थियो ।

आयोजनाको अनुमानित लागत एक अर्ब ८५ करोड ८० लाख अमेरिकी डलर रहेको छ । यसमध्ये सिभिल निर्माणको ५८ करोड, हाइड्रोमेकानिकल, इलेक्ट्रोमेकानिकल तथा प्रसारणलाइनको रु.१७ करोड ४५ लाख र जग्गा अधिग्रहण, पुनः स्थापना जस्ता सामाजिक तथा वातावरणीय कार्यका लागि ३० करोड डलर लाग्ने अनुमान गरिएको छ ।

जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले कोशी नदी जलस्रोत विकास अध्ययनका क्रममा सन् १९८५ मा आयोजनाको पहिचान गरेको थियो । जाइकाले गरेको अध्ययनलाई सन् २०१४ मा अद्यावधिक गरिएको थियो । बिपी राजमार्गको नेपालथोकबाट करिब एक किलोमिटर तल्लोतटको खडादेवी र कटुन्जे गाउँपालिकाको सिमानामा सुनकोशीमा एक सय ८० मिटर अग्लो बाँध निर्माण गरी पानीलाई थुनिने छ । आयोजनाको जलाशय ३५ किलोमिटरमाथिसम्म फैलिने अनुसार, सिन्धुपाल्चोकस्थित सुनकोशी नदीमा कोशी बजार भन्ज्याङ र इन्द्रावती नदीमा दोलालघाटसम्म जलाशय फैलिने छ ।

आयोजनाको वातावरणीय प्रभाव अध्ययन (इआइए) स्वीकृत भइसकेको छ । इआइए प्रतिवेदनअनुसार, आयोजनाबाट सिन्धुली, काभ्रे, रामेछाप र सिन्धुपाल्चोकका १२ स्थानीय तहका ४५ वटा वडा प्रभावित हुनेछन् । आयोजनाबाट तीन हजार दुई सय ३७ हेक्टर जग्गा डुबानमा पर्ने छ । यसका लागि तीन हजार तीन सय हेक्टर निजी जग्गा अधिग्रहण गर्नुपर्ने छ भने छ सय ५५ हेक्टर वन क्षेत्रको जग्गा पर्ने छ । आयोजनाबाट एघार हजार चार सय जनसङ्ख्या विस्थापित हुने देखिएको छ । आयोजनाको सम्पूर्ण काम सम्पन्न भए पश्चात् यसबाट वार्षिक करिब दुई अर्ब ३५ करोड ६२ लाख युनिट विद्युत् उत्पादन हुने छ । त्यसमध्ये हिउँदयाममा ६२ करोड २२ लाख युनिट उत्पादन हुने अध्ययनले देखाएको छ । रासस

# नेपालको अहित हुने सम्झौता भएको छैन: प्रधानमन्त्री

काठमाडौं, पुस २५ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेपालको अहित हुने गरी भारतसँग कुनै पनि सम्झौता नभएको स्पष्ट पारेका छन् । प्रतिनिधिसभा, कानुन, न्याय तथा मानवअधिकार समितिको बुधबारको बैठकमा भारतीय विदेशमन्त्री एस जयशंकरको यहीँ पुस १९ गते भएको भ्रमणका क्रममा नेपाल र भारतबीच भएका सम्झौताबारे जानकारी दिँदै उनले नेपालको प्रगति तथा समृद्धिलाई आघात पुग्ने गरी कुनै सम्झौता नभएको बताए ।

बैठकमा प्रधानमन्त्री दाहालले भारतसँग भएको 'हाई इम्प्याक्ट कम्युनिटी डेभलपमेन्ट प्रोजेक्ट' सम्बन्धी सम्झौताबारे जानकारी दिँदै उक्त सम्झौता नयाँ नभएर सम्झौताको निरन्तरता भएको र त्यसलाई थप व्यवस्थित तथा परिष्कृत गरिएको बताए । 'भारतसँग हाल भएका सम्झौतामा कुनै पनि त्यस्तो प्रावधान राखिएको छैन जसले भारतीय पक्षलाई एकपक्षीय रूपमा आयोजना छनोट र कार्यान्वयन गर्ने सुविधा दिन्छ' उनले भने, 'आयोजनाको नियमित अनुगमन गर्ने र आवधिक समीक्षासमेत नेपाल सरकारको संयन्त्रबाट हुन्छ' प्रधानमन्त्री दाहालले भने ।


बैठकमा समितिका सदस्य महेन्द्रकुमार राई, प्रतीक्षा तिवारी, सोबिता गौतम, ध्रुवबहादुर प्रधानलगायत सांसदले उक्त सम्झौताबारे स्पष्ट पार्न माग गरेका थिए । सांसदहरूले उक्त सम्झौताको लिखित दस्तावेज संसद् र समितिलाई उपलब्ध गराउनुपर्ने माग गरेपछि प्रधानमन्त्री दाहालले जवाफ दिँदै सम्झौतामा लुकाउनुपर्ने कुनै विषय नरहेको स्पष्ट गरे ।

भारतीय विदेशमन्त्रीको भ्रमणका क्रममा दुई देशबीच भएका दीर्घकालीन विद्युत् व्यापार सम्झौता, नानो स्याटलाइट प्रक्षेपणसम्बन्धी सम्झौता र नवीकरणीय ऊर्जासम्बन्धी सम्झौताबारे पनि प्रधानमन्त्री दाहालले समितिलाई जानकारी गराएका थिए । गत जेठमा प्रधानमन्त्री दाहालको भारत भ्रमणका क्रममा भएको समझदारीअनुरूप नेपालबाट आगामी १० वर्षमा १० हजार मेगावाट बराबर विद्युत् भारतमा निर्यात गर्ने गरी सम्झौता भएको र त्यसले दुई देशबीच विद्युत् व्यापारको ढोका खुलेको उनले बताए ।

प्रधानमन्त्रीका अनुसार नेपालका विद्यार्थीले बनाएको नानो स्याटलाइट भारतको न्यू स्पेस इन्डिया लिमिटेडले आफ्नो रकेटबाट प्रक्षेपण गरिदिने गरी सम्झौता भएको, नेपाल विद्युत् प्राधिकरण र भारतको एनटीपीसीबीच नवीकरणीय ऊर्जा विकासका कार्य गर्ने र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने गरी सम्झौता भएको तथा आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्ने काम अघि बढाउने तयारी भइरहेको छ । सामुदायिक विकासमा उच्च प्रभाव पार्ने आयोजनाबारे प्रधानमन्त्री दाहालले समितिमा लिखित मन्तव्य प्रस्तुत गर्दै भने ।

सन् २००३ नोभेम्बर ७ मा साना विकास आयोजनाका नाममा नेपालभित्र ३ करोड रुपैयाँसम्मका लागत भएका आयोजनामा भारतले सहयोग गर्ने गरी पहिलोपटक सम्झौता भएको थियो । यस्ता आयोजना नेपालका स्थानीय निकाय वा गैरसरकारी संस्था (एनजीओ) ले सञ्चालन गर्ने गरेका थिए । यस्ता आयोजनाका लागि स्थानीय निकाय वा एनजीओले सोझै भारतीय राजदूतावासमा माग गर्ने र दूतावासले स्थानीय निकाय वा एनजीओसँग समझदारी (एमओयु) गर्ने अनुमति दिए, एमओयुको एक प्रति अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय र आयोजनासँग सम्बन्धित मन्त्रालयमा पठाउने गरिएको थियो । उक्त सम्झौतालाई सन् २००३ जुन २९ मा स्वीकृत गरिएको थियो ।

सन् २००४ अगस्त ६ मा उक्त कार्यक्रमअन्तर्गत आयोजना सञ्चालन गर्ने रकम बढाएर ३ करोड पुऱ्याइएको थियो । सन् २००८ अघि त्यस्तो सहयोग खासगरी भौतिक पूर्वाधारसँग सम्बन्धित आयोजनाका लागि उपलब्ध हुने गरेकामा त्यसपछि शिक्षा, स्वास्थ्य जस्ता सामाजिक पूर्वाधारका लागि पनि आयोजना छनोट गर्न सकिने व्यवस्था गरियो । यसअन्तर्गत एक आर्थिक वर्षमा कतिपय आयोजनाका लागि यस्तो सहयोग उपलब्ध गराउने भन्ने निर्णय नेपालस्थित भारतीय राजदूतावासले आर्थिक वर्षको सुरुमा नेपाल सरकारलाई सुचित गर्नुपर्ने प्रावधान बनाइयो । आयोजना सञ्चालन गर्ने स्थानीय निकाय वा एनजीओले सहयोग माग गरेपछि



भारतीय राजदूतावासले यो सम्बन्धमा अर्थ मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्था थियो ।

यो सम्झौता सन् २०११ जुलाई २० र त्यसपछि सन् २०१४ अगस्ट १२ मा नवीकरण भएको थियो । सन् २०१४ मा सम्झौताको नवीकरण हुँदा यस्तो सहयोग नेपालको प्राथमिकताका क्षेत्रमा उपलब्ध हुनुपर्ने र आगामी तीन वर्षमा मोटामोटी कति सहयोग प्राप्त हुन्छ भन्ने भारतीय पक्षले खुलाउनुपर्ने प्रावधान राखिएको थियो ।

सन् २०१७ अगस्त ४ मा यस सम्झौताको नवीकरण गर्नुपर्ने भएता पनि नेपालले नयाँ संविधानअनुरूप कार्यान्वयन विधि बनाउनुपर्ने भएकाले यो सम्झौतालाई पुनरावलोकन गर्नुपर्ने प्रस्ताव भएको थियो । सन् २०१७ डिसेम्बर १७ मा यस्ता आयोजनाहरू नेपाल सरकार वा नेपाल सरकारले पहिचान गरेका निकाय (सामान्यतया स्थानीय तह) बाट सञ्चालन हुने र भारत सरकारले उपलब्ध गराउने सहयोग नेपाल सरकारको बजेट प्रणालीभित्रबाट खर्च हुने गरी सम्झौता नवीकरण गरिएको थियो ।

सन् २०१८ जुलाई १८ मा यो आयोजना सञ्चालन विधिमा परिवर्तन गरियो । जसअनुसार, यस्ता आयोजना गाउँपालिका वा नगरपालिकाले सञ्चालन गर्ने, भारतीय सरकारको अनुदान सुरुमा नेपाल सरकारको कोषमा जम्मा गर्नुपर्ने र स्थानीय तहले सबै अनुदानका रूपमा सो रकम प्राप्त गर्ने, स्थानीय तहले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा आयोजना प्रस्ताव गर्नुपर्ने व्यवस्था राखिएका थिए । आयोजना छनोट भइसकेपछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सम्बन्धित स्थानीय तहबीच आयोजना कार्यान्वयन सम्झौता हुने र स्थानीय तहले वार्षिक प्रगति विवरण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था भएको थियो ।

सन् २०११ अप्रिल ७ मा स्थानीय तहबाहेक अन्य निकायले पनि आयोजना सञ्चालन गर्न सक्ने त्रिपक्षीय सम्झौतामा प्रावधान थप गरियो । साथै साबिकमा जिल्ला विकास समितिबाट सञ्चालन भएका आयोजनामा जिल्ला समन्वय समितिले समन्वय गर्ने व्यवस्था गरिएको थियो । सन् २०२० जनवरी ७ मा स्थानीय तहबाट प्राप्त आयोजना प्रस्तावका बारेमा नेपाल सरकार र भारत सरकारबीच सहमति भइसकेपछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भारतीय राजदूतावास र आयोजना सञ्चालन गर्ने निकायबीच त्रिपक्षीय सम्झौता हुने व्यवस्था गरिएको थियो । यस्तो रकम अर्थ मन्त्रालयले स्थानीय तहलाई सशर्त अनुदानका रूपमा उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइयो । सरकारी निकायबाहेकका कुनै निकायले यस्ता आयोजना सञ्चालन गर्ने भएमा सम्बन्धित मन्त्रालयको राय र आवश्यक अर्थ मन्त्रालयले सहमति दिने व्यवस्था गरिएको थियो ।

सन् २०२० अगस्त ६ मा र सन् २०२३ अगस्त २०२३ मा यो सम्झौतालाई ३ वर्ष थप गर्दै गरी नवीकरण गरिएको थियो । भारतसँग पछिल्लो पटक सन् २०२४ जनवरी ४ मा सामुदायिक विकासमा उच्च प्रभाव पार्ने आयोजनासम्बन्धी सम्झौता भएको छ । यस सम्झौताअनुसार प्रतिआयोजना लागत बढाएर २० करोड हुने व्यवस्था भएको छ । अहिले भएको सम्झौताअनुसार भौतिक पूर्वाधार तथा सामाजिक पूर्वाधारका आयोजनामा भारतीय सहयोग उपलब्ध हुने जनाइएको छ । यस्ता आयोजनाहरू सरकारी निकाय वा एनजीओ बाट सञ्चालन हुनसक्ने भनिएको छ । स्थानीय तहले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा प्रस्ताव गर्ने र अन्य सरकारी निकायले अर्थ मन्त्रालयमा प्रस्ताव गर्ने पठाउने गरी सम्झौता भएको छ ।

गैरसरकारी निकायका हकमा भने निकायले अर्थ मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्था राखिएको छ । अर्थ मन्त्रालयले आयोजनासँग सम्बन्धित मन्त्रालयको राय लिई यस्तो सहमति दिनसक्ने व्यवस्था छ । अर्थ मन्त्रालयले भारतीय राजदूतावाससँग सहयोग माग गरी पठाउने र यस्ता आयोजना गाउँपालिकामा सञ्चालन हुने भएमा आयोजना सञ्चालन गर्ने निकायले ५ प्रतिशत र नगरपालिकामा सञ्चालन हुने भएमा १० प्रतिशत लागत साझेदारी गर्नुपर्ने बनाइएको छ । भौतिक पूर्वाधारबाहेकका आयोजनामा भारतीय सहयोग शतप्रतिशत नै हुने गरी सम्झौता गरिएको छ ।

यस्ता कार्यक्रम कार्यान्वयनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भारतीय राजदूतावास र आयोजना सञ्चालन गर्ने निकायबीच त्रिपक्षीय सम्झौता हुने जनाइएको छ । गैरसरकारी संस्थाको हकमा समाज कल्याण परिषद्को स्वीकृति आवश्यक पर्नेछ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह, जिल्ला समन्वय अधिकारी, विषय विज्ञ र भारतीय राजदूतावास रहेको आयोजना अनुगमन समिति रहने छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय र भारतीय राजदूतावासका प्रतिनिधि रहेको संयन्त्रले आयोजनाको त्रैमासिक प्रगति समीक्षा गर्नेछन् ।

नेपाललाई सहयोग उपलब्ध गराउने अन्य मुलुकले पनि यस्ता आयोजनाहरू आफैं सञ्चालन गर्ने गरेका प्रधानमन्त्री दाहालले बताए । जापानसँग करिब ६० वर्षअघि भएको सम्झौताअनुसार नेपालस्थित राजदूतावासमार्फत आयोजना सञ्चालन गर्ने गरेको र कतिपय आयोजनामा संयुक्त राष्ट्रसंघीय निकायमार्फत पनि सञ्चालन हुने गरेका छन् । चीनले नेपाल सरकारलाई उपलब्ध गराउने सबै सहयोगअन्तर्गतको आयोजनाका ठेकेदार एवं परामर्शदाता छनोटदेखि आयोजना कार्यान्वयनसमेत आफ्नै संयन्त्रमार्फत गर्ने गरेको प्रधानमन्त्री दाहालले जानकारी दिए ।

यसैगरी, अमेरिकाले इम्प्लिमेन्टेसन पार्टनर छनोट गरी आयोजना सञ्चालन गर्ने गरेको, बेलायतले उपलब्ध गराउने सहयोग अन्तर्राष्ट्रिय परामर्शदातामार्फत परिचालन गर्ने गरेको, अस्ट्रेलियाले पनि आफ्नै संयन्त्रमार्फत आयोजना सञ्चालन गर्ने गरेको प्रधानमन्त्री दाहालले समितिलाई बताए ।

# नेपाली कागजको माग बढी, उत्पादन कम

म्याग्दी, पुस २५ । म्याग्दीको मालिका गाउँपालिका-२ अर्मनस्थित सञ्चालित मालिका कागज उद्योगमा माघदेखि चैतसम्म दैनिक ७ सय र असोजदेखि पुससम्म दैनिक तीनदेखि चार सय ताउसम्म नेपाली कागज उत्पादन हुन्छ ।

स्थानीय हाते प्रविधिबाट उत्पादन गरिने यस कागज उद्योगमा उच्च गुणस्तरको कागज उत्पादन हुने हुँदा विभिन्न ठाउँबाट माग आउने गर्दछ । तर स्थानीय कच्चा पदार्थ, कामदारको अभाव र विद्युत् आपूर्तिमा अनियमितताजस्ता कारणले उद्योगले मागअनुसारको कागज उत्पादन गर्न सकिरहेको छैन । उद्योगका सञ्चालक मौलिक गौतमले कागजको बजारमा अत्यधिक माग हुँदा पनि मागअनुसारको उत्पादन गर्न नसकिरहेको जानकारी दिए । उनका अनुसार बजारमा आधुनिक प्रविधिबाट उत्पादित कागज स्थानीय हाते प्रविधिबाट बनाइएको कागजभन्दा सस्तो छ । गुणस्तरमा स्थानीय कागज, आधुनिक प्रविधिको भन्दा ७५-८० प्रतिशत सुरक्षित र बलियो हुने भए पनि आधुनिक प्रविधिको कागजसँग प्रतिस्पर्धा गर्नुपर्ने बाध्यता एकातिर छ भने अर्कोतिर नेपाली कागज बनाउन प्रयोग हुने लोक्ताको सङ्कलन गर्ने कानुनी प्रक्रिया पूरा गर्न पनि झन्झटिलो हुन्छ । लोक्ता सङ्कलन गर्ने समय जाने र उद्योगमा काम गर्ने जनशक्ति नपाइनु अर्को समस्या हुने गरेको उनले बताए ।

यस उद्योगमा मागअनुसार विभिन्न साइजका कागजको माग हुने गर्छ । कार्यालय कागज, तमसुक कागज, १०-२० ग्रामको कागज, धुप निर्माण गर्ने ७-८ ग्रामको कागज, चित्र निर्माणका लागि ४० ग्रामको कागजको माग बढी हुने गरेको उद्योग सञ्चालक गौतमले बताए । 'मागका आधारमा हामीले उत्पादनले पूर्ति गर्न सकेका छैनौं । विशेषगरी १८-२० ग्राम र ७-८ ग्रामको कागजको माग बढी छ । त्यसैअनुसार पूरा गर्न सकिएको छैन' उनले भने ।

नियमित कच्चा पदार्थ लोक्ता अभाव हुन्छ । यहाँ गर्मीमा उत्पादन गर्न सकिँदैन । वर्षाको समय र हिउँदमा पनि घाम नलाग्ने, पानी पर्ने उत्पादन गर्न सकिँदैन । जसका कारण कागजको निकासमा समस्या हुन्छ' उनले भने । कामदारको अभाव, विद्युत्को अनियमितता, उपलब्ध ग्राम मर्मतसम्भार, विद्युत्बाट लोक्ता (कागज बनाउन प्रयोग गरिने कच्चा पदार्थ) पकाउँदा बिलको दर बढी आउनेजस्ता समस्याले उद्योगको क्षमताअनुसार कागज उत्पादन गर्न नसकिएको उनले बताए । उद्योगको दैनिक एक हजार दुई सयदेखि एक हजार पाँच सय ताउसम्म कागज उत्पादन गर्नसक्ने क्षमता छ ।

स्थानीय प्रविधिबाट नेपाली कागज उत्पादन गर्दा उत्पादन खर्च अत्यन्त महँगो भए पनि जिल्लाको पहिचान र स्थानीय उत्पादनको संरक्षणका लागि आफूले यो उद्योगलाई निरन्तरता दिइरहेको उनले बताए । स्थानीय तह र सम्बन्धित निकायबाट सहयोग हुने, उद्योगमैत्री वातावरण मिल्ने र डिभिजन वन कार्यालयले कागज बनाउन प्रयोग गरिने कच्चा पदार्थ लोक्ताको सङ्कलन गर्न सरल नीति बनाइदिने हो भने म्याग्दीमा नेपाली कागज उद्योगको राम्रो सम्भावना रहेको उनले बताए । 'अहिले उत्पादन खर्च नै बढी छ, तर पनि उद्योगलाई निरन्तरता दिइरहेको छु' उनले भने । उद्योगमा अहिले प्रत्यक्ष र अप्रत्यक्ष १० जनाले रोजगारी पाइरहेका छन् । म्याग्दीको मालिकाको पहाडी भेग (तीन हजारदेखि तीन हजार दुई सय मिटरको उचाइ) मा पर्ने लेकाली खर्कहरू तथा सामुदायिक वनमा प्रशस्त कच्चा (लोक्ता) को स्रोत छन् । तर त्यसबाट लोक्ता (बुवा) निकाल्ने कामदारको अभाव छ । उद्योग, कामदार र लेक जाने यस्ता पेसाकर्मीलाई प्रोत्साहन गर्न कतैबाट पहल नभएको उनको गुनासो छ ।

कच्चा पदार्थ (लोक्ता) बुट्यान वनक्षेत्र लेकमा रहेको छ । तर वन डिभिजन कार्यालयले सङ्कलनका लागि अनुमति दिँदैन । अनुमति दिएपछि पनि सरकारी जग्गाको वनक्षेत्रबाट लोक्ता (बोक्रा) निकाल्ने, त्यसलाई सफा गर्ने, सुकाउने काम अत्यन्त झन्झटिलो हुँदा कामदार पाउन मुस्किल हुने गरेको उनले बताए ।

वि.सं. २०७५ मा स्थापना भएको यस उद्योगले अहिले कार्यालयमा वार्षिक एक लाख ताउ कागज उत्पादन गर्न सकेको छ । कागजको माग बेनी, बागलुङ, पोखरा, काठमाडौं, चितवनलगायतका सहरबाट आउने गरेको र एउटा मात्र उद्योग भएका कारण माग अनुसार उत्पादन गर्न नसकेको गौतम बताउँछन् । उद्योगमा नेपाली कागजका ग्रिटिङ कार्ड, नोटबुक, फाइल, खाम र सजावटका वस्तु पनि निर्माण गर्ने गरिएको छ । जिल्लाको अन्नपूर्ण गाउँपालिकाको नार्ची, धवलागिरिको बाच्छा, रघुगंगाको पाखापानीमा रहेका नेपाली कागज उद्योग अहिले बन्द अवस्थामा छन् । तर यी उद्योग सञ्चालनका लागि स्थानीय सरकार र सम्बन्धित निकायको सहयोग नरहेको सञ्चालक गौतमको भनाइ छ ।

# ज्येष्ठ नागरिकलाई घरदैलोमै स्वास्थ्य सेवा

रोल्पा, पुस २५ । जिल्ला स्वास्थ्य कार्यालय रोल्पाले ज्येष्ठ नागरिकलाई घरदैलोमै स्वास्थ्य सेवा प्रदान गर्न थालेको छ । कार्यालयले ७० वर्ष माथिका ज्येष्ठ नागरिक र अपाङ्गता/अशक्त (क र ख कार्डधारी) नागरिकको स्वास्थ्य कार्यक्रम सञ्चालन गरेको हो । कार्यक्रमअन्तर्गत रोल्पाका सबै स्थानीय तहका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीले ज्येष्ठ नागरिकको घरमै गई निःशुल्क स्वास्थ्य परीक्षण तथा परामर्श दिन थालेका जनस्वास्थ्य अधिकृत निरञ्जन सुवेदीले जानकारी दिए । उक्त कार्यक्रम स्वास्थ्य कार्यालयको आयोजना तथा स्थानीय तहको सहकार्यमा भइरहेको उनले जानकारी दिए । यसका लागि जिल्लाभरका करिब तीन सय स्वास्थ्यकर्मी परिचालन गरिएका छन् ।

जिल्लामा ७० वर्ष माथिका ज्येष्ठ नागरिकको कुल सङ्ख्या दुई हजार दुई सय ६२ रहेको कार्यालयले जनाएको छ । सुनछहरी गाउँपालिकामा ७० वर्ष माथिका ज्येष्ठ नागरिकको सङ्ख्या ... छ । त्रिवेणीमा उक्त सङ्ख्या एक सय सात रहेको छ । थवाङ गाउँपालिकामा ७० वर्ष माथिका ज्येष्ठ नागरिकको सङ्ख्या एक सय ६२, परिवर्तन गाउँपालिकामा दुई सय ७५, गङ्गादेव गाउँपालिकामा एक सय ६०, माडी गाउँपालिकामा एक सय २८, रोल्पा नगरपालिकामा तीन सय सात, लुङ्ग्री गाउँपालिकामा एक सय ४१, सुनिल स्मृति गाउँपालिकामा दुई सय ४८ तथा रुन्टीगढी गाउँपालिकामा दुई सय ८० रहेको छ ।

जिल्लामा अपाङ्गता/अशक्तको कुल सङ्ख्या तीन हजार तीन सय ३५ रहेको छ । यसमा 'क' कार्ड ९ सय सात तथा 'ख' कार्ड चार सय ६९ जना रहेका कार्यालयले जनाएको छ । जिल्लामा सरकारी अस्पताल एक, प्राथमिक स्वास्थ्य केन्द्र दुई, स्वास्थ्य चौकी ५१, आधारभूत स्वास्थ्य केन्द्र २२, सामुदायिक स्वास्थ्य इकाई ३४ तथा शहरी स्वास्थ्य केन्द्र पाँच रहेका छन् । जिल्लामा गाउँघर क्लिनिक एक सय ७५, खोप क्लिनिक दुई सय २०

## डिभिजन वन कार्यालय

रोल्पा

### ओखर बिरुवा खरीदको लागि दरभाउपत्र आव्हान सम्बन्धि प्रकाशित सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८०।०९।२६

आ.व. २०८०/०८१ मा उच्च पहाडी क्षेत्रमा ओखर विकास कार्यक्रम तथा कृषि वन प्रवर्द्धन कार्यक्रमतर्फ ग्राफ्टिंग गरिएको दाने ओखर (Chandler Variety-Chandler-Grafted Walnut Sapling, Root stock-juglansregia, pollinator-Franqualte Age-2 Years, Height 60-90 cm above the grafting) ११९५ गोटा बिरुवा खरिद गरिने भएको हुँदा नियमानुसार PAN / VAT मा दर्ता भएका, बिरुवा उत्पादन तथा आपूर्ति सम्बन्धि कार्य गर्ने गरि व्यवसाय दर्ता भई नवीकरण तथा नियमानुसार कर चुक्ता रहेका फर्महरुबाट यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र यस कार्यालयबाट दरभाउपत्र खरिद गरी गोप्य शिलबन्दी दरभाउपत्र डिभिजन वन कार्यालय रोल्पामा दाखिला गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धि विस्तृत सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा अनुरोध छ ।

सम्पर्क एवं जानकारीको लागि: ०८६-४४०११२

## तिलोत्तमा नगरपालिकाको अनुरोध

- समयमै कर तिरी विकास निर्माणमा सहभागी बनौं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- रुख रोपौं, वातावरण संरक्षण गरौं, हरियाली बढाऔं ।
- सडक अवरोध हुने गरी निर्माण सामाग्री नराखौं, सडक सफा राखौं ।
- आफ्ना चौपायाहरु छाडा नछाडौं, दुर्घटना न्यूनिकरणमा सहकार्य गरौं ।
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध बिच्छेद एवं बसाईसराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरु फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आबास निर्माण गरौं ।
- समयमै कर तिरौं, सभ्य नागरिकको परिचय दिऊ ।
- बालमैत्री, अपाङ्गमैत्री संरचना निर्माण गरौं ।

अनुरोधक

तिलोत्तमा नगरपालिका

## सुनवल नगरपालिकाको अनुरोध

- समयमै कर तिरी विकास निर्माणमा सहभागी बनौं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- रुख रोपौं, वातावरण संरक्षण गरौं, हरियाली बढाऔं ।
- सडक अवरोध हुने गरी निर्माण सामाग्री नराखौं, सडक सफा राखौं ।
- आफ्ना चौपायाहरु छाडा नछाडौं, दुर्घटना न्यूनिकरणमा सहकार्य गरौं ।
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध बिच्छेद एवं बसाईसराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरु फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आबास निर्माण गरौं ।
- समयमै कर तिरौं, सभ्य नागरिकको परिचय दिऊ ।
- बालमैत्री, अपाङ्गमैत्री संरचना निर्माण गरौं ।

अनुरोधक

सुनवल नगरपालिका